**Patan Pragya** *(Volume: 10, Number: 1, 2022)* *ISSN 2594-3278*

Received Date: April 2022 Revised: June 2022 Accepted: July 2022

*Doi-https://doi.org/10.3126/pragya.v10i01.50818*

# बिदा कथामा सबाल्टर्न अध्ययन

**रन्जुकुमारी देव***

**लेखसार**

*प्रस्तुत लेखमा सबाल्टर्नका कोणबाट बिदा कथाको विश्लेषण गरिएको छ । सबाल्टर्न अध्ययनअन्तर्गत समाजमा सदियौँदेखि सीमान्तीकृत भएर बसेका वर्ग, लिङ्ग, जात, समूह, पेशा आदिको अध्ययन गरिन्छ । समाजमा किनारा लगाइएका शोषित, दमित, अधीनस्थ, आवाजविहीन र निमुखा वर्गहरू नै सबाल्टर्न हुन जसको अध्ययन यसमा गरिएको छ । बिदा कथामा वर्गीय सामाजिक संरचना र लैङ्गिक विभेदका कारण प्रभालाई सीमान्तकृत बनाइएको छ । प्रभाले मेजर विक्रम थापाको उच्च वर्गीय प्रभुत्व विना प्रतिरोध स्वीकार गरेकी छ । समाजमा उच्च तथा प्रभुत्वशाली वर्गको शासनप्रणाली कायम रहेको हुनाले प्रभाले नरेन्द्रको प्रतिविरोध गरेकी छैन । उसले जति दुःख कष्ट भोगे पनि उच्च वर्गका विरुद्धमा कदम चालेकी छैन । त्यस्तै यस कथामा प्रभालाई लैङ्गिक दृष्टिकोणले पनि सीमान्तकृत पात्रका रूपमा देखाइएको छ । पितृसत्तात्मक समाजमा पुरुषको वर्चस्वले गर्दा नारीहरू सीमान्तीकृत भएका छन् । समाजमा नारीहरूको आवाज दबाइएको हुन्छ । यदि उनीहरूले समाजमा आवाज उठाए पनि प्रभुत्वशाली वर्गले सम्बोधन गर्दैन । यस कथामा पनि नारीको आवाज पुरुषले सुनेको छैन । तसर्थ यस कथामा उच्च वर्गीय हैकम र लैङ्गिक वर्चस्वका कारणले नै प्रभा सीमान्तीकृत बनेकी छ ।*

**शब्दकुञ्जिका**: सबाल्टर्न, वर्चस्व, लैङ्गिकता, प्रभुत्वशाली, अधीनस्थ ।

## १ विषयपरिचय

प्रस्तुत लेख सबाल्टर्न अध्ययनसँग सम्बन्धित रहेको छ । यसका लागि गुरुप्रसाद मैनालीको बिदा कथालाई लिइएको छ । गुरुप्रसाद मैनाली सामाजिक यथार्थवादी कथाकार हुन् । उनको नासो कथा सङ्ग्रहमा यो कथा सङ्गृहीत रहेको छ । मैनालीका कथामा सामाजिक विषयवस्तुको यथार्थ चित्रण गरेको पाइन्छ । उनको बिदा कथामा पनि वर्गीय र लैङ्गिक विभेदको यथार्थ अवस्था प्रस्तुत भएको पाइन्छ । वर्गीय सामाजिक संरचनाका कारण सीमान्तीकृत पात्रहरूको अवस्थाको उद्घाटन यस कथामा गरिएको छ । यस कथामा समाजका प्रभुत्वशाली वर्ग तथा समूहले कथित तल्लो तहका मानिसलाई किनारामा पुर्‍याएको छ । यसमा असमान वर्ग र लैङ्गिक विभेदका कारण प्रभाको जीवन बर्बाद भएको कुरा देखाइएको छ ।

बिदा कथामा प्रभा वर्गीय र लैङ्गिक रूपमा सीमान्तकृत बनेकी छ । यस कथामा उच्चवर्गीय हैकम र सामन्तवादी पुँजीवादी विचारधाराका कारण प्रभाले दुःख पाएकी छ । त्यसै गरी समाजमा देखिएको लैङ्गिक विभेद र पितृसत्तात्मक समाजका कारण प्रभा अधीनस्थ भएकी छ । यस कथामा लैङ्गिक विभेदकै कारण कमजोर तथा निरीह महिला पात्रहरूमाथि शोषक वर्गले आफ्नो वर्चस्व कायम गरेका छन् । पितृसत्तात्मक समाजमा महिलालाई सीमान्तकृत बनाइएको हुन्छ जसले गर्दा महिला प्रभुत्वशाली वर्गमाथि निर्भर हुन्छ । सबाल्टर्न अध्ययनअन्तर्गत समाजमा सीमान्तीकृत बनाइएका वर्ग, समूह, लिङ्ग, पेशा आदिको अध्ययन हुने भएकाले यस लेखमा सीमान्तीकृत पात्रहरूको अवस्था, गतिविधि र जीवन के–कस्तो छ र सीमान्तीकृत पात्रलाई शोषक वर्गले कुन दृष्टिले हेरेको छ इत्यादि कुराहरूको अध्ययन यसमा गरिएको छ ।

*उप प्राध्यापक रन्जुकुमारी देव पाटन संयुक्त क्याम्पस नेपाली विभागमा कार्यरत हुनुहुन्छ ।

## २ समस्याकथन र उद्देश्य

गुरुप्रसाद मैनालीको बिदा कथामा सीमान्तकृत पात्रहरूको अवस्था केकस्तो रहेको छ भन्ने जिज्ञासा यस लेखको मुख्य समस्या हो । यस समस्याको समाधानका लागि बिदा कथामा चित्रित सीमान्तकृत पात्रहरूको अवस्था पहिचान गरी सबाल्टर्नका कोणबाट विश्लेषण गर्नु नै मुख्य उद्देश्य रहेको छ ।

## ३ सामग्री सङ्कलन विधि

प्रस्तुत लेखमा आवश्यक सामग्रीहरूको सङ्कलन प्राथमिक तथा द्वितीय स्रोतबाट गरिएको छ । यस लेखमा गुरुप्रसाद मैनालीको बिदा कथालाई प्राथमिक स्रोतका रूपमा लिइएको छ भन्ने सबाल्टर्न अध्ययनसँग सम्बन्धित विभिन्न कृति, लेख, समालोचना, शोधपत्र तथा पत्रपत्रिकाहरूलाई द्वितीय स्रोतका रूपमा लिइएको छ । यस लेखका लागि आवश्यक साम्रगीहरूको सङ्कलन पुस्तकालयीय पद्धतिको उपयोग गरी गरिएको छ ।

## ४ विश्लेषण विधि

प्रस्तुत लेख सबाल्टर्न अध्ययनको अवधारणामा आधारित रहेको छ । त्यसैले यसमा बिदा कथाको विश्लेषणका लागि निगमनात्मक शोध विधिको उपयोग गरिएको छ । यसमा सबाल्टर्नसम्बन्धी सैद्धान्तिक मान्यताका आधारमा कथामा चित्रित प्रभुत्वशाली वर्ग र सीमान्तीकृत वर्ग र लैङ्गिक अवस्था पहिचान गरी विश्लेषण गरिएको छ ।

## ५ सैद्धान्तिक पर्याधार

सबाल्टर्न शब्दको अर्थ निर्धा, निमुखा, दबिएका, हेपिएका र ओझेलमा परेकाहरू भन्ने हुन्छ । ग्राम्सीले आफ्नो जेल जीवनको कृति प्रिजन नोटबुक्समा निम्न, उत्पीडित र निमुखा वर्गको चर्चाका सन्दर्भमा सबाल्टर्न शब्दको प्रयोग गरेका छन् (बराल, २०७३, पृ.१७२) । उनका अनुसार समाजका निम्न, उपेक्षित र उत्पीडित वर्ग नै सबाल्टर्न हुन् । सबाल्टर्न शब्दले हरेक हिसाबले तल्लो दर्जाका व्यक्ति, समूह, वर्ग वा समुदायलाई जनाउँछ । सबाल्टर्नवादीहरूका अर्थमा सबाल्टर्नलाई हैकमवादी, औपनिवेशिक तथा सामन्ती शासकको लामो समयदेखिको थिचोमिचो र भेदभावबाट उत्पीडित शोषित वा निमुखा वर्गलाई बुझाउँछ जो शक्तिशाली भएर पनि शक्तिविहीन बनाइएका हुन्छन् । यस अर्थमा सबाल्टर्नले जातजाति, वर्ग, धर्म, संस्कृति, लिङ्ग, पेसा, क्षेत्र आदि हरेक हिसाबले दमित, शोषित, उत्पीडित वर्गलाई मात्र जनाउँदैन, अधीनस्थताका आधारमा आमसमाज, जनता वा कुनै राष्ट्र समेत शक्तिशाली र अर्को पक्षबाट सबाल्टर्नीय अवस्थामा बाँच्न बाध्य पारिएको अवस्थालाई पनि जनाउँछ (श्रेष्ठ, २०६८, पृ.१४) । ग्राम्सीले उत्पीडित र निमुखा वर्गका लागि सबाल्टर्न शब्दको प्रयोग गरे पनि समयानुसार यस शब्दको अर्थ परिवर्तन हुँदै आएको छ ।

वर्तमान समयमा यस शब्दले सामाजिक, सांस्कृतिक, आर्थिक, राजनीतिक, भौगोलिक, लैङ्गिक, पेशा जस्ता हरेक हिसाबले तल पारिएका अथवा तल परेका 'तल्लो वगर्' समूहलाई जनाउँछ (श्रेष्ठ, २०६८, पृ.१६) । ग्राम्सीका शब्दमा सबाल्टर्न भन्नाले गैरशासकीय र अहैकमवादी वर्ग वा समुदायलाई जनाउँछ जो सधैँ अधीनस्थ, पराधीन हुन्छन् र उनीहरू शासकको प्रयोगको वस्तु समेत बन्न पुग्छन् (उद्धृत, श्रेष्ठ, २०६८, पृ.१६) । सबाल्टर्न वर्ग भनेको आर्थिक वर्ग मात्र होइन, जीवनका अनेक कोणबाट यस वर्गको पहिचान गर्न सकिन्छ । सुब्बाका विचारमा, "पुरुषहरूले परिवार अनि समाजमा आफैंलाई प्रमुखता प्रदान गरेपछि नै लैङ्गिक किनारीकरण प्रारम्भ भएको हो" (सुब्बा, २०११, पृ.१२) । सबाल्टर्नको अर्को क्षेत्र जाति पनि हो जसअन्तर्गत समाजका कमजोर अथवा अल्पसंख्यक जाति सीमान्तकृत बन्न पुग्छन् । समाजमा क्षमतावान् वा बहुसंख्यक जातिले अल्पसंख्यक वा कमजोर जातिलाई किनारीकृत बनाइएका हुन्छन् । सुब्बाका अनुसार, "एक बहुसंख्यक, विकसित, शक्तिसम्पन्न जातिले अर्को अल्पसंख्यक या कमजोर जातिलाई दबाउने, पन्साउने जाति शक्तिकेन्द्रबाट उब्जिएको छ नश्लीय किनारीकरणका कैयौं कथाहरू । बलशाली र बाठा जातिको दमन र प्रपञ्चबाट बाँच्न किनारामा सङ्घर्षरत

जातिहरू कति छन् कति"(सुब्बा, २०११, पृ.१४) । यसबाट स्पस्ट हुन्छ कि शक्तिसम्पन्न जातिले समाजमा अल्पसंख्यक र कमजोर जातिलाई जातीय परम्परा, संस्कार र संस्कृतिका नाम दमन गर्ने गर्छ । ग्राम्सीले सबाल्टर्न शब्दको प्रयोग उत्पीडित वर्गका लागि गरे पनि हाल यसको अर्थमा केही परिष्कार, परिमार्जन तथा परिवर्तन भएको पाइन्छ । वर्तमान अवस्थामा यस शब्दले शासकीय शक्ति वा प्रभुत्वशाली शक्तिको संरचनाभन्दा बाहिर रहेका अथवा राज्यको मूलधारमा आउन नसकेका सबै प्रकारका समुदायलाई अथ्र्याउने गरेको पाइन्छ । वर्तमान समयमा यी वर्गहरू सबाल्टर्न अध्ययनका विषय हुन् जसअन्तर्गत निमुखा, हेपिएका, दबिएका, उत्पीडित, किनारीकृत र आवाजविहीन व्यक्तिहरू पर्दछन् ।

सबाल्टर्न अध्ययन भनेको उत्पीडितहरूको अध्ययन गर्नुका साथै उत्पीडित वर्ग, लिङ्ग, जाति, समुदायको खोजी, चिनारी र उनीहरूका बारेमा लेख्ने, बोल्ने कार्य गर्नु भन्ने बुझिन्छ (बराल, २०७३, पृ.१७२) । सबाल्टर्न अध्ययनका अग्रणी चिन्तक रञ्जित गुहा हुन् । सबाल्टर्न अध्ययन केवल सिद्धान्त मात्र होइन यो व्यवहारसित पनि गाँसिएको हुन्छ । साहित्य समालोचनाका क्षेत्रमा चर्चित सबाल्टर्न अध्ययन मूलतः भारतीय नागरिक रञ्जित गुहासित सम्बद्ध रहेको छ । उनले पश्चिमाहरूले तयार पारेको भारतीय इतिहास उपनिवेशवादी मानसिकताबाट ग्रसित छ र भारतीय इतिहासकारहरूले पनि भारतीय समाजको निर्माणमा तल्लो समुदायको भूमिकालाई भन्दा उच्च सम्भ्रान्त वर्ग र समुदायको भूमिकालाई बढी महŒव दिएको कुरा व्यक्त गरेका छन् । त्यस्तै भारतीयहरूले लेखेको इतिहास पनि केही सम्भ्रान्तहरूको इतिहास मात्र हो र सही इतिहास लेख्न बाँकी नै छ भन्ने उनको भनाइ रहेको छ (बराल, २०७३, पृ.१७३) । सबाल्टर्न विषयसँग सम्बद्ध सामग्रीको लेखन तथा प्रकाशन भने सन् १९८० को दशकपछि मात्र देखिएको हो । समाजमा जब रङ्गभेद, वर्ग, जाति, लिङ्ग, यौनिकता, छुवाछुत, क्षेत्रीयता, जनजाति आदिसँग सम्बद्ध मुद्धाले मूल धारमा स्थान पाउन थाल्यो त्यसपछि मात्र सबाल्टर्न वर्गहितको पक्षमा डिस्कोर्स निर्माण भयो र सन् १९९० को दशकपछि मात्र सबाल्टर्न अध्ययनले व्यापकता पायो (श्रेष्ठ, २०६८, पृ.१६) । सन् १९८० को दशकमा दक्षिण एसियाबाट सुरु गरिएको सबाल्टर्न अध्ययन पश्चिमी मुलुकमा क्रमशः स्विकारिँदै जानाले सबाल्टर्न अध्ययनको औचित्यको रहेको बुझिन्छ । अहिले जेजस्तो अध्ययनलाई सबाल्टर्न अध्ययन भनिएको छ, त्यसका अधिपति रञ्जित गुहा नै हुन् । उनीसित गाँसिएको टोली नै सबाल्टर्न अध्ययन समूहका नामले स्थापित छ । इतिहास अध्ययनबाट आरम्भ भएको सबाल्टर्न अध्ययनको इतिहासले विस्तारै विधागत क्षेत्रगतमा समेत आयाम विस्तार गर्दै लगेको देखिन्छ । सबाल्टर्न अध्ययन गायत्री स्पिवाकको हातमा परेपछि यो साहित्यिक अध्ययनको पनि महŒवपूर्ण विषय बनेको देखिन्छ । उनले समाजमा बोल्न नसक्ने जति सबै सबाल्टर्न हुन् र त्यसमा पनि महिलाहरू मात्र हुन् भनेकी छन् (बराल, २०७३, पृ.१८१) पितृसतात्मक समाजमा सदियौंदेखि महिलाहरू आवाजविहीन अथवा सबाल्टर्न भएका छन् । उनीहरूमाथि प्रभुत्वशाली वर्गले हैकम चलाएका छन् । यहाँ सबाल्टर्नसम्बन्धी यिनै मान्यताका आधारमा बिदा कथाको अध्ययन गरी विश्लेषण गरिएको छ ।

(६) बिदा कथामा वर्गीय सबाल्टर्न

प्रस्तुत कथामा अगमसिंह खत्रीकी छोरी प्रभा वर्गीय दृष्टिले सबाल्टर्न बनेको कुरा देखाइएको छ । प्रभा यस कथाकी मुख्य नारी पात्र हो । अगमसिंह खत्रीले छोरी प्रभाको विवाह घरानीयाँ क्षत्रीसँग गर्न चाहन्छ तर उसले चाहेको जस्तो घरानीयाँ र कुलीन परिवार पाउँदैन । प्रभा हेर्नमा राम्री र पढेलेखेकी पनि छे तर उसको विवाह सोचे जस्तो घरमा हुन सकेको छैन । टोलछिमेकमा उमेर पुगेको छोरीचेलीको विवाह भइसकेको छ तर उसको विवाह बुबाको सोचका कारण समयमा हुन सकेको छैन । प्रभाको इच्छा, आकाङ्क्षा के हो भन्ने कुरा न त घरपरिवारले बुझेको छ न त समाजले बुझेको छ । प्रभा नरेन्द्रसँग प्रेम गर्छे तर व्यक्त गर्न सक्दिन किनकि नरेन्द्र भनेको उच्चवर्गीय मेजर थापाको छोरो हो । यस कथामा वर्गीय दृष्टिकोणले हेर्दा उच्चवर्गले आर्थिक अवस्थालाई नै प्रमुख आधार मानेको छ । यहाँ मेजर चन्द्रविक्रम थापा भनेको पुँजीपति वर्ग हो जसमा उच्चवर्गीय अह्म रहेको छ । उसले आफ्नो वर्गीय अह्म छोरामाथि लादेको छ । समाजमा उच्चवर्गले आर्थिक तŒवलाई आधार मानेर आफूभन्दा तल्लो वर्गलाई किनारीकृत गर्छ । यस कथामा उच्च तथा अभिजात वर्गले आफूभन्दा कमजोर

वर्गलाई फरक दृष्टिकोणले हेरेको छ । मेजर चन्द्रविक्रम थापाका दृष्टिमा अगमसिंह खत्रीको परिवार आफू समान हैसियत नभएको परिवार हो । त्यसैले उसकी छोरी प्रभासँग विवाह गर्न मिल्दैन । उसको दृष्टिमा अगमसिंह र उसको मावलीहरू काँधमा डाँडी हालेर जीवन निर्वाह गरेका व्यक्तिहरू हुन् । त्यसैले उसको धारणा त्यस्तो परिवारकी छोरीलाई बुहारी बनाउन मिल्दैन भन्ने रहेको छ । उसमा सामन्तवादी र पुँजीवादी विचारधारा रहेको कुरा कथामा चित्रण गरिएको छ, "अगमेका बूढा मावलीहरू अस्तिसम्म काँधमा डाँडी हालेर हिँडदै थिए । त्यस्ताकी छोरी बिहा गर्छु भन्ने ! पाजीले खुब घरान पहिल्याएछ ! रूपै हो भने दमिनी–कमिनी पनि राम्रा हुन्छन्" (पृ.४७) । मेजर थापाको यस भनाइबाट के स्पस्ट हुन्छ भन्ने समाजमा वैवाहिक सम्बन्ध कायम गर्नका लागि पनि समान हैसियतका परिवार हुनुपर्छ । त्यसैले उसले आफ्नो छोराको विवाह अगमसिंह खत्रीकी छोरीसँग गर्न नमिल्ने कुरा व्यक्त गरेको छ । वर्गीय सामाजिक संरचनाका कारण समाजमा प्रभुत्वशाली वर्गले आफू अनुकूलको सामाजिक संरचना निर्माण गरेको हुन्छ र सीमान्तीकृत वर्गलाई किनारामा पुर्‍याइएको हुन्छ । यस कथाकी नारी पात्र प्रभालाई नरेन्द्रले मन पराए पनि असमान हैसियतकै कारण मेजर चन्द्रविक्रम थापाले बुहारी बनाउन नमिल्ने कुरा माथिको साक्ष्यबाट प्रस्ट बुझिन्छ ।

वर्गीय सबाल्टर्नका दृष्टिले हेर्ने हो भने यस कथामा वर्गीय सामाजिक संरचनालाई स्पष्ट रूपमा देख्न सकिन्छ । यस कथामा मेजर थापाले अगमसिंहको परिवारलाई आर्थिक तत्त्वकै कारण किनारामा पारिएको छ । यस कथामा नरेन्द्रले आफूले प्रेम गरेको व्यक्तिसँग भागेर विवाह गरेको छ तर उसलाई घरपरिवारले स्वीकार गरेको छैन । उसले प्रभालाई सहरमा डेरा लिएर राखेको छ किनकि प्रभालाई मेजर थापाले स्विकार गरेको छैन । प्रभाले नरेन्द्रसँग प्रेम गर्नु र विवाह गर्नु कुनै नराम्रो कार्य होइन तर वर्गीय विभेदका कारण सामाजमा त्यो कार्य नराम्रो सिद्ध भएको छ । वर्गीय सामाजिक संरचनाकै कारण न त प्रभा घर जान सकेकी छ न त नरेन्द्रले नै लिएर जान सकेको छ । नरेन्द्रमा वर्गीय विभेदको विरुद्धमा प्रतिरोध गर्ने क्षमता न्यून रहेको देखिन्छ किनकि उसले भागेर विवाह गरेको छ तर परिवारको विरुद्ध जान सकेको छैन । समाजमा एउटी नारीलाई वर्गीय कारणले नै परिवार र समाजबाट टाढा बस्नु पर्ने बाध्यता यस कथामा देखाइएको छ । प्रभालाई आर्थिक अवस्थाकै कारण समाजले सीमान्तीकृत बनाइएको छ । समाजमा आर्थिक एवम् सामाजिक संरचनागत दृष्टिकोणले उच्च तथा प्रभुत्वशाली वर्गले प्रभाव जमाएको हुन्छ । यस अर्थमा सामाजिक, सांस्कृतिक व्यवस्थामाथि हैकम जमाउन सफल व्यक्तिहरू नै सम्भ्रान्त वर्गमा पर्दछन् । समाजमा सामाजिक, सांस्कृतिक स्वरूपमा एकछत्र प्रभुत्व रहेको यो वर्गले सामन्तवादी, पुँजीवादी समाज व्यवस्थाको संवाहकको रूपमा आफूलाई स्थापित गरेको हुन्छ । यही सामन्तवादी, पुँजीवादी समाज व्यवस्थामा प्रभुत्वशाली वर्गले अनेक षड्यन्त्र गरी गरिब, निमुखा निम्नवर्गमाथि शोषण, दमन, अन्याय र अत्याचार गरेका हुन्छन् (शाही,२०७७,पृ.२३) । समाजमा शोषण, दमनकै कारण सीमान्तकृत वर्गहरू आवाजविहीन बन्न पुग्छन् । गायत्री स्पिवाकले आवाजविहीन वर्गलाई नै सबाल्टर्न भनेकी छन् । यस कथामा प्रभाले पनि आफ्नो हक अधिकारका लागि आवाज उठाएकी छैन । नरेन्द्रले आफू हुँदाहुँदै अर्को विवाह गरेको देख्दा पनि उसले विरोध गरेकी छैन । उसले आवाज उठाए पनि उसको आवाज समाजले सुन्दैन । त्यसैले उसले आफू बसेको समाज नै त्याग गरी हिँडेकी छ । समाजमा उच्चवर्गको शासन र दबदबाका कारण निमुखा, निर्दोष मानिस दिन प्रतिदिन शोषित भएर बस्न बाध्य छन् । ग्राम्सीका अनुसार गैरशासकीय र अहैकमवादी वर्ग वा समुदाय नै सबाल्टर्न हुन् जुन वर्ग सधैँ अधीनस्थ र पराधीन हुन्छन् । उनीहरू शासकको प्रयोगको वस्तु समेत बन्न पुग्छन् । यस कथामा प्रभा पनि शासक वर्गका लागि प्रयोगको वस्तु बन्न पुगेको देखिन्छ किनकि नरेन्द्रले पत्नी हुँदाहुँदै अर्को विवाह गरेको छ जसको विरोध न त समाजले गरेको देखिन्छ न त परिवारले बरु उसले परिवारकै दबाबका कारण विवाह गरेको छ जुन कुरा कथामा चित्रण गरिएको छ, "आमा मैले प्रभालाई हेलाँ गरेर बिहा गरेको होइन । के गरूँ ? करमा परेपछि के लाग्दो रहेछ" (पृ.५०) । नरेन्द्रको भनाइ अनुसार शासक वर्गकै दबाबका कारण आफूले बिहा गरेको हो । उसले सहमति जनाएकै कारण मेजर थापाको वर्गीय शासनप्रणाली कायम भएको छ किनकि नरेन्द्रले विरोध जनाएको छैन । वर्गीय सामाजिक संरचनाका कारण मानिसमा चेतनाको निमार्ण पनि वर्गकै सापेक्षतामा हुने गरेको देखिन्छ जुन कुरा यस कथामा देखिएको छ । अगमसिंह खत्रीको चेतना

पनि वर्गकै आधारमा निमार्ण भएको देखिन्छ किनकि उसले पनि वर्गीय समाजको विरोध गरेको छैन । छोरीले नरेन्द्रसँग बिहा गर्दा रोएर बस्नु भनेको वर्गीय समाजको समर्थन गर्नु हो जसले गर्दा उसको चेतनाको निमार्ण पनि त्यसै अनुसार भएको छ । त्यसै गरी उसले आफ्नीे छोरीले दुःख पाउँदा पनि आवाज उठाएको छैन किनकि उसलाई वर्गीय रूपमा सीमान्तीकृत बनाइएको छ जसकारण उसले मेजर थापाको विरुद्धमा आवाज उठाउन सकेको छैन ।

(७) बिदा कथामा लैङ्गिक सबाल्टर्न

सबाल्टर्न अध्ययनको अर्को क्षेत्र भनेको लैङ्गिक सबाल्टर्न पनि हो । समाजमा वर्गीय सबाल्टर्नजस्तै लैङ्गिक सबाल्टर्न पनि हुन्छ । समाजमा महिला र पुरुषको फरक–फरक भूमिकाकै कारण महिलालाई किनारा लगाइएको छ । पितृसत्तात्मक समाजका कारण महिलाभन्दा पुरुषहरू हरेक क्षेत्रमा अगाडि छन् । घरपरिवारदेखि लिएर समाज र राष्ट्रसम्म पुरुषकै वर्चस्व रहेको छ । पुरुषले प्रायः हरेक क्षेत्रमा आफूलाई प्रमुखका रूपमा उभ्याएको छ जसले गर्दा महिला सीमान्तकृत बनेको देखिन्छ । कुनै पनि कृति अथवा पाठभित्र लैङ्गिक सीमान्तीकृत पात्रको पहिचान कुन रूपमा गराइएको छ भन्ने कुराको अध्ययन, विश्लेषण यस अन्तर्गत गरिन्छ । बिदा कथामा महिलाहरू सबाल्टर्नका रूपमा देखिएका छन् । त्यसमा पनि मुख्य रूपमा प्रभा नै अगाडि देखिएकी छ । प्रभा सबाल्टर्न हुनुको मुख्य कारण पितृसत्तात्मक समाज हो । पितृसत्तात्मक समाजमा महिलालाई पाखा लगाइएको हुन्छ । गायत्री स्पीवाकले पनि समाजमा बोल्न नसक्ने जति सबै सबाल्टर्न हुन् र त्यसमा पनि महिलाहरू मात्र हुन् भनेकी छन् । उनले सबाल्टर्न अध्ययनसम्बन्धि माक्र्सवादको सिद्धान्तभन्दा फरक दृष्टिकोण राखेकी छन् । उनको दृष्टिमा सबाल्टर्न नारीवादसँग सम्बद्ध छ । त्यसैले यसको अध्ययन नारीवादी सिद्धान्तसित जोडेर गर्नु जरुरी छ भनेकी छन् (बराल, २०७३, पृ.१८१–८२) । उनका भनाइअनुसार यस कथामा पनि कतिपय महिलाहरू बोल्न सकेका छैनन् त कतिपय बोले पनि उनीहरूको आवाज शासक वर्गले सुनेका छैनन् जसका आधारमा महिलाहरू सबाल्टर्न बनेका छन् । यस कथामा प्रभाले न त आफ्नो इच्छा व्यक्त गरेकी छ न त आफ्नो हकअधिकारकै लागि बोलेकी छ । यस कथामा अगमसिंह खत्रीले बिहाका लागि केटा खोज्दा छोरी प्रभाको विचार बुझेको छैन । उसले केवल कुल घरानमा मात्र ध्यान दिएको छ । जसरी पनि घरानियाँ परिवारमा नै छोरीको बिहा गर्न खोज्छ तर हुन सक्दैन । पितृसत्तात्मक समाजमा छोरीचेलीलाई निर्णयको अधिकार हुँदैन अथवा बिहा कोसँग गर्ने, कहाँ गर्ने भन्ने कुराको निर्णय पितामा मात्र निर्भर हुन्छ । प्रायः समाजमा छोरीको बिहा गर्ने कुरामा छोरीलाई नसोधी पिताले नै निर्णय लिएको देखिन्छ जुन कुरा अगमसिंह खत्रीका माध्यमबाट प्रस्ट हुन्छ । अगमसिंह खत्रीले छोरीको विवाह गर्ने विषयमा आफ्नी पत्नीको कुरासमेत सुनेको छैन किनकि उसकी पत्नी महिला हो र महिलाको आवाज समाजमा शोषक वर्गले सुन्दैन । त्यही मानसिकताका कारण उसले पत्नीको कुरा सुनेको छैन जसको चित्रण कथामा यसरी गरिएको छ, "आफूसमानका क्षत्रीहरू कैयौँ जना माग्न आउँथे तर बूढा कसैका कुरा सुन्दैनथे । यस कुरामा तीन चार चोटि बूढीसँग पनि ठाकठुक भो, कैयौँ दिनसम्म बूढाबूढी नबोली बसे; तर उनी नयाँ क्षत्रीसँग प्रभाको विवाह गरिदिन मन्जुर भएनन्" (पृ.४४) । त्यसै गरी मेजर्नी बूढीको कुरा पनि मेजर चन्द्रविक्रम थापाले सुनेको छैन । मेजर्नी बूढीले आफ्नो छोरो नरेन्द्रको विवाह प्रभासँग गर्न चाहेकी छ तर उसलाई पनि आवाजविहीन बनाइएको छ । समाजमा छोराछोरीको विवाह गर्ने कुरामा समेत आमालाई किनारामा पार्छन् भन्ने कुरा यस कथाबाट स्पस्ट हुन्छ । त्यसै गरी प्रभाले आफ्नो मनको कुरा साथीसँग व्यक्त गर्न सकेकी छैन किनकि पुरुषप्रधान समाजमा महिलालाई आफ्नो इच्छा प्रकट गर्ने आज्ञा दिएको देखिँदैन जसकारण सदियौंदेखि महिलाको इच्छा आकाङ्क्षालाई दबाइएको छ जसको चित्रण यस कथामा पनि गरिएको छ, "आफ्ना साथीहरूको यी प्रणयसुखहरू सुनेर प्रभा दुःखी वा सुखी के हुन्थी, त्यो कुरा कसरी भनुँ ? किनकि हाम्रा धर्ममा छोरीबेटीलाई आफ्नो मनोभाव प्रकट गर्ने आज्ञा छैन" (पृ.४५) । पुरुषप्रधान समाजमा पुरुषको वर्चस्वकै कारण महिलाहरू शोषित र दमित भएर बाँच्न विवश छन् । पितृसत्तात्मक समाजमा पुरुषले भागेर विवाह गर्दा अथवा अर्को विवाह गर्दा पनि कसैले दोषारोपण गर्दैन ऊ स्वतन्त्र भएर हिँड्न सक्छ तर महिलाले त्यही कार्य गर्दा महिलामाथि अनेक प्रकारका लाञ्छना लाग्छ जसकारण महिलालाई घरबाट निस्किन समेत गाह्रो हुन्छ जुन कुरा यस कथा पनि देखाइएको छ । यस कथामा प्रभा र नरेन्द्रले भागेर विवाह गरेका छन् ।

विवाहपछि नरेन्द्र स्वतन्त्र भएर हिँडेको छ तर प्रभा एउटा सानो कोठामा कैद भएकी छ किनकि ऊ सीमान्तीकृत पात्र हो जसकारण उसले अनेक लाञ्छना सहेकी छ र विना कारण दोषी पनि बनेकी छ । पुरुषप्रधान समाजमा पुरुषमाथि न त कुनै लाञ्छना लगाइन्छ न त दोषी नै ठहऱ्याइन्छ । जुन कुरा यस कथामा नरेन्द्रले निर्वाह गरेको भूमिकाबाट बुझ्न सकिन्छ । उसले प्रभासँग विवाह गरेपछि फेरि अर्को विवाह गरेको छ । पितृसत्तात्मक सामाजिक संरचना भएको समाजमा प्रभुत्वशाली पुरुषको षड्यन्त्रमा परी प्रभा लैङ्गिक रूपमा किनारीकृत हुन पुगेकी छ किनकि पति नरेन्द्रले जानकारी नै नदिई अर्को विवाह गरेको छ । विश्वासघाती पतिको कर्तुतबाट प्रभा बेहोस भएकी छ । उसले अचानक नरेन्द्रले अर्को विवाह गरेको दृश्य देखेपछि बेहोसमात्र भएकी छैन । उसका आँखा तिरमिर भएका छन्, मुटु कसैले चुँडेर तान्न लागेजस्तो भएको छ, गोडामुनिको जमिन भासिन लागेको छ तर ऊ बोल्न सक्दिन । उसले आफूलाई कुनै धोका भयो कि भनेर धाईआमासँग प्रश्न पनि गरेकी छ तर धाईआमाले साँच्चै हो भनेपछि मुक पशुझैँ सबै चुपचाप सहेकी छ । समाजमा पुरुषले पत्नी हुँदाहुँदै अर्को विवाह गर्ने प्रवृत्तिकै कारण नरेन्द्रले विवाह गरेको देखिन्छ । पितृसत्तात्मक समाजमा पुरुषले महिलालाई प्रयोगको बस्तु बनाउँछ र वस्तुकै रूपमा प्रयोग पनि गर्छ । ग्राम्सीका शब्दमा सबाल्टर्नहरू शासकको प्रयोगको वस्तु समेत बन्न पुग्छन् (उद्धृत, श्रेष्ठ,२०६८, पृ.१६) जुन कुरा नरेन्द्रका माध्यमबाट बुझ्न  सकिन्छ । नरेन्द्रले पत्नी हुँदाहुदै अर्को विवाह गर्नु भनेको उसमा पितृसत्तात्मक सोच हावी हुनु हो । यस कथामा नरेन्द्रले करमा परेपछि आफूले विवाह गरेको कुरा व्यक्त गरेको छ तर उसले परिवारको विरुद्धमा आवाज उठाएको छैन । उसले प्रभालाई पनि जानकारी दिएको छैन किनकि ऊ पुरुष हो र पुरुष स्वतन्त्र हुन्छ भन्ने मानसिकता उसमा देखिएको छ । उसले घरपरिवारको निर्णयमा सहमति जनाएकाले नै विवाह पनि भएको हो । समाजमा उसलाई कुनै कुरा गर्न रोक लागेको छैन तर प्रभाको हकमा त्यो लागु हुन सकेको छैन । उसले समाजमा स्वतन्त्र भएर बाँच्ने अधिकार पनि गुमाएकी छ । समाजमा बस्ने स्थिति नभएकाले नै प्रभा तीर्थवासी माईका साथ लागेर हरिद्वार गएकी छ तर त्यहाँ पनि परिचयविहीन भएर बसेकी छ । त्यहा उसले जोगिनी भेष धारण गरी जीवन निर्वाह गरेकी छ । समाजमा पहिचानविहीन र अधिकारविहीन भएर बाँच्नुभन्दा मृत्यु नै बेस हो भनेर उसले अन्त्यमा मृत्यु रोजेकी छ । यस कथामा प्रभा लैङ्गिक रूपमा सीमान्तीकृत बन्नुका कारण पितृसत्तात्मक समाज हो किनकि पितृसत्तात्मक समाजमा महिलालाई महिला भएकै कारण पाखा लगाइएको हुन्छ । तसर्थ यस कथामा मूलतः महिलाहरू नै सबाल्टर्नका रूपमा देखिएका छन् ।

## (८) निष्कर्ष

प्रस्तुत कथामा वर्गीय सामाजिक संरचनाका कारण प्रभुत्वशाली वर्गले आफू अनुकूलको सामाजिक संरचना निर्माण गरी सीमान्तीकृत वर्गलाई किनारामा पुऱ्याइएको छ । यस कथाकी नारी पात्र प्रभालाई नरेन्द्रले मन पराएर विवाह गरे पनि असमान हैसियतकै कारण मेजर चन्द्रविक्रम थापाले बुहारी स्विकारेको छैन । वर्गीयताकै कारण अगमसिंहले छोरीको विवाहका लागि कुलीन घर खाजेको छ । उसले आफूसमानका क्षत्री र मामुली क्षत्रीलाई छोरी नदिने कुरा व्यक्त गरेको छ जसबाट समाजमा वर्ग्गीय प्रभुत्व कायम रहेको कुरा प्रस्ट हुन्छ । उसको विचारमा घरानियाँ परिवारमा छोरीको विवाह गर्दा समाजमा मानसम्मान बढ्नुका साथै समाजले हेर्ने दृष्टिकोण नै फरक हुन्छ भन्ने रहेको छ । यस कथामा कथाकारले वर्गीय रूपमा सदियौंदेखि उपेक्षित तथा किनारा लगाइएका वर्गहरूको समस्यालाई उठाएका छन् । यस कथामा छोरीको विवाह उच्च कुलमा गर्न खोज्नु र आफू समान हैसियत नभएका वर्गलाई अस्वीकार गर्नु नै मुख्य समस्याका रूपमा देखिएको छ । तसर्थ यस कथामा असमान वर्ग किनारीकृत बनेको छ र किनारीकृत बनाउने काम उच्च तथा पुँजीपति वर्गबाट नै भएको छ । त्यसै गरी पुरुषप्रधान समाजले स्थापित गरेका सामाजिक मूल्यमान्यता र संस्कृतिका कारण पुरुषबाट महिलाहरू दबिएका छन् । पुरुषहरूले महिलालाई शोषित, दमित र आवाजविहीन बनाएका छन् । उनीहरूलाई निर्णयको अधिकारदेखि लिएर आर्थिक, सामाजिक हरेक क्षेत्रमा पुरुषले पाखा लगाएका छन् । पाखा लागाएकै कारण महिलाहरू समाजमा पहिचानविहीन र अधिकारविहीन भएर बाँच्न विवश छन् । यस कथामा पितृसत्तात्मक समाजमा कारण महिलालाई किनारामा लगाउने काम पुरुषबाट भएको छ किनकि समाजमा पुरुषको वर्चस्व रहेको छ जसका आधारमा महिलाहरू किनारीकृत अवस्थामा पुग्न विवश छन् ।

समग्रमा यस कथामा उच्चवर्गीय प्रभुत्व र लैङ्गिक विभेदका कारण सीमान्तीकृत वर्ग आवाजविहीन बनेका छन् । उनीहरूमा प्रतिरोधको चेतना जागृत भएको देखिँदैन । तसर्थ यस कथामा निरीह, कमजोर, उपेक्षित, उत्पीडित र आवाजविहीन वर्गहरू सबाल्टर्नका रूपमा देखिएका छन् ।

**सन्दर्भ सामग्रीसूची**

बराल, ऋषिराज (२०७३). माक्र्सवाद र सबाल्टर्न अध्ययन. ललितपुर ः साझा प्रकाशन ।

मैनाली, गुरुप्रसाद (२०७१). नासो कथा सङ्ग्रह. ललितपुर ः साझा प्रकाशन ।

शाही, मीरा (२०७७). माया ठकुरीका कथामा सीमान्तीयता .अप्रकाशित दर्शनाचार्य शोधप्रबन्ध.नेपाली केन्द्रीय विभाग. त्रि.वि. काठमाडौँ ः कीर्तिपुर ।

श्रेष्ठ, तारालाल (२०६८). शक्ति, स्रष्टा सबाल्टन. काठमाडौं ः डिस्कोर्स पब्लिकेसन ।

सुब्बा, मनप्रसाद र थापा रेमिका (सम्पा. सन् २०११). किनारा विमर्श. दार्जिलिङ ः गामा प्रकाशन ।